
# वेष्ट स्टार्ट किन्डरगार्टन मूल्याङ्कन

## अभिभावक तथा हेरचाहकर्ताहरूको लागि मार्गदर्शिका

**वेष्ट स्टार्ट किन्डरगार्टन मूल्याङ्कन एक राज्यव्यापी मूल्याङ्कन हो जसले शिक्षकहरूलाई किन्डरगार्टनको शुरुवातमा प्रत्येक विद्यार्थीको अँग्रेजी साक्षरता र संख्यात्मक सीपको पहिचान गर्न मद्दत गर्दछ।**



बालबालिकाहरू वरिपरिको संसार र मानिसहरूसँग उनीहरूको सम्पर्कका कारण विकसित धेरै खाले प्रारम्भिक साक्षरता तथा संख्यात्मक सीप, ज्ञान र समझदारिता सहित विद्यालय  आउन शुरु गर्छन्। वेष्ट स्टार्ट किन्डरगार्टन मूल्याङ्कनमा साक्षरता तथा संख्यात्मक घटक समावेश छन् र शिक्षकहरूलाई विद्यार्थीको व्यक्तिगत सबल पक्षहरू र आवश्यकताहरूको बारेमा जानकारी प्रदान गर्दछ।

मूल्याङ्कनले शिक्षकहरूलाई विद्यार्थीहरूले जानेका कुराहरूमा आधारित शिक्षण र अध्ययन कार्यक्रमहरू विकास गर्न मद्दत गर्दछ। शिक्षकहरू प्रत्येक विद्यार्थीसँग छुट्टाछुट्टै बस्छन् र उनीहरूले के गर्न सक्छन् भन्ने कुरामा ध्यान केन्द्रित गर्छन्। तपाईंको बच्चाले मूल्याङ्कनको लागि तयारी वा अध्ययन गर्न आवश्यक छैन। बच्चाहरूले फरक-फरक गतिमा सिक्ने भएकोले तपाईंको बच्चाले सबै प्रश्नहरूको जवाफ दिन सकेन भने चिन्तित हुनु पर्दैन।

मूल्याङ्कनको केही समयपछि, शिक्षकहरूले तपाईंलाई मूल्याङ्कनको क्रममा तपाईंको बच्चाले प्रदर्शन गरेको सीप, ज्ञान र समझको बारेमा जानकारी प्रदान गर्नेछन्।

वेष्ट स्टार्ट किंडरगार्टन मूल्याङ्कनमा सबै विद्यार्थीहरू समावेश हुन्छन्। यदि अँग्रेजी तपाईंको घरमा बोलिने भाषा होइन वा तपाईंको बच्चालाई समायोजन को आवश्यकता छ भने, तपाईंको बच्चालाई कसरी सहायता गर्न सकिन्छ भन्ने बारेमा थप जानकारीको लागि तपाईंको विद्यालयमा सम्पर्क गर्नुहोस्।

### साक्षरता मूल्याङ्कन

विद्यार्थीहरूले आफ्नो नाम लेख्न, ध्वनिहरू, अक्षरहरू र परिचित शब्दहरू चिन्न सक्छन् कि सक्दैनन् भन्ने थाहा पाउन र उनीहरूको अगाडि पढिएको छोटो पुस्तकको बारेमा विवरणहरू सम्झन सक्दछन् कि सक्दैनन् भनेर पहिचान गर्न यी साक्षरता कार्यहरू तयार गरिएका छन्।

साक्षरता मूल्याङ्कनको क्रममा शिक्षकले तपाईंको बच्चालाई निम्न प्रश्नहरू सोध्नेछन्:

- 'यी शब्दहरू सुन्नुहोस्: map, tap। के तिमी यस्तै सुनिने अर्को शब्दको बारे सोच्न सक्छौ?'
- (एउटा सानो किताब पढेपछि) 'के तिमी मलाई मैले भर्खरै पढेको कथाको बारेमा बताउन सक्छौ?'

यी प्रश्नहरूले शिक्षकहरूलाई तपाईंको बच्चाले एउटै आवाज भएका शब्दहरू चिन्न र उसको अगाडि पढिएको छोटो पुस्तकबाट जानकारी सम्झन सक्छ कि सक्दैन भनेर निर्धारण गर्न मद्दत गर्छ। यी बालबालिकाहरूले विद्यालयमा उनीहरूको पहिलो वर्षमा विकास गर्ने महत्त्वपूर्ण साक्षरता सीपहरू हुन्।

### संख्यात्मक मूल्याङ्कन

संख्यात्मक कार्यहरू प्रारम्भिक संख्या अवधारणाहरूसँग सम्बन्धित छन् र विद्यार्थीले कति राम्रोसँग गणना गर्न सक्दछन्, कुन संख्याहरू उनीहरूले पहिचान गर्न सक्दछन्, उनीहरूले वस्तुहरू गणना गर्न सक्छन् कि सक्दैनन्, साना संख्याहरू जोड्न वा घटाउन र दोहोरिने ढाँचाहरू चिन्न सक्दछन् कि सक्दैनन् भनेर पहिचान गर्न डिजाइन गरिएको छ।

संख्यात्मक मूल्याङ्कनको क्रममा शिक्षकले तपाईंको बच्चालाई निम्न प्रश्नहरू सोध्नेछन्:

- 'एकबाट गणना शुरु गर र म तिमीलाई कहिले रोकिने भनेर भन्ने छु'
- 'के तिमी यो संख्या कति हो भनेर मलाई बताउन सक्छौ?' (5)

यी प्रश्नहरूले शिक्षकहरूलाई तपाईंको बच्चाले नम्बरहरू चिन्न र एकदेखि माथि गन्न सक्छ कि सक्दैन भनेर निर्धारण गर्न मद्दत गर्नेछ। गर्छ। यी बालबालिकाहरूले विद्यालयमा उनीहरूको पहिलो वर्षमा विकास गर्ने महत्त्वपूर्ण संख्यात्मक सीपहरू हुन्।

**वेष्ट स्टार्ट किन्डरगार्टन मूल्याङ्कनको बारेमा थप जानकारीको लागि, तपाईंको बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस्।**
**यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, 131 450 मा Telephone Interpreter Service (टेलिफोन दोभाषे सेवा) लाई सम्पर्क गर्नुहोस्। उनीहरूले विद्यालयसँग कुराकानी गर्न मद्दत गर्न तपाईंको भाषामा दोभाषे उपलब्ध गर्न सक्छन्। तपाईंलाई यस सेवाको लागि शुल्क लाग्नेछैन।**